**मिति २०७९।१२।०९ गते बसेको निस्दी गाउँपालिकाको २६ औं गाउँ कार्यपालिका बैठकका प्रस्तावहरु**

१) गत कार्यपालिका बैठकको समिक्षा तथा रिर्पोटिङ्ग सम्बन्धमा ।

२) केम खाम्चा मार्गको लागत अनुमान तथा ठेक्का सम्बन्धमा ।

३) आ.व २०७९।०८० को दोस्रो चौमासिकको सार्वजनिक सुनुवाई सम्वन्धमा ।

४) लक्षित वर्गको क्षमता विकास कार्यक्रम संचालन गर्ने सम्बन्धमा ।

५) बाकामलाङ ज्यामिरे यातायात संचालन गर्ने सम्वन्धमा ।

६) चालु आ.वको योजना सम्झौता तथा अनुगमन सम्बन्धमा ।

७) सुशासन केन्द्रको सहयोगमा राजश्व सुधार कार्ययोजना र क्षमता विकास योजना संचालन सम्वन्धमा

८) रिक्त दरवन्दीमा करार पदपूर्ति सम्वन्धमा ।

९) प्रदेश समपुरक माग सम्बन्धमा ।

०८/१२/१२
ध्रुवा दयाल
प्रमुख प्रशासकिय अधिकृत

गाउँ कार्यपालिकाको कार्यालय
निस्दी गाउँपालिका
लुम्बिनी प्रदेश, नेपाल
मित्याल, पाल्पा

CamScanner

**मिति २०७९।१२।०९ गते बसेको निस्दी गाउँपालिकाको २६ औं गाउँ कार्यपालिका बैठकका निर्णयहरु**

१. गत कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको चरणमा रहेको पाइयो । साथै वडागत रुपमा सात वटै वडाका वडा अध्यक्षहरुले सार्वजनिक सेवा प्रवाह, जन गुनासो सम्वोधन, आयोजना संचालनको विषयमा यस कार्यपालिका बैठक समक्ष रिपोटिङ्ग गर्नुभयो ।

२. प्रस्ताब नं २ माथि छलफल गर्दा केम खाम्चा मार्ग स्तरोन्नती तथा ग्राभेल आयोजनाको कुल लागत अनुमान रु २०,१७,९८,८८२।५८(बिस करोड सत्र लाख अन्ठानब्बे हजार आठ सय बयासी रुपैयाँ अन्ठाउन्न पैसा मात्र) को ३ आर्थिक बर्ष भित्र सम्पन्न हुने गरी बहु बर्षिय ठेक्का आव्हान गर्ने सर्वसम्मत निर्णय गरियो ।

३. प्रस्ताब नं ३ माथि छलफल गर्दा चालु आ.व. २०७९।०८० को दोस्रो चौमासिकको सार्वजनिक सुनुवाई मिति २०७९।१२।२६ गतेका दिन निस्दी गाउँपालिकाको सभाहलमा गर्ने निर्णय गरियो ।

४. प्रस्ताब नं ४ माथि छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७९।१२।०१ को परिपत्र अनुसार लक्षित बर्गको क्षमता विकासका कार्यक्रमका लागि लोक सेवा तयारी कक्षा संचालन गर्ने निर्णय गरियो ।

५. प्रस्ताब नं ५ माथि छलफल गर्दा निस्दी गाउँपालिकाको वाकामलांङ्ग–सहलकोट–भिरुवास–मित्याल–ज्यामिरे, ज्यामिरे–मित्याल–भिरुवास–सहलकोट–वाकामलांङ्ग, मित्याल–तानसेन रुटमा सार्वजनिक यातायात संचालन गरि सर्वसाधारण जनतालाई आवत जावत गर्न सहजिकरण गर्न सार्वजनिक यातायात (जिप) संचालन अनुदान क्रमश रु २ लाख, २ लाख र १ लाख दिने गरी प्रस्ताव पेश गर्नका लागि सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

६. प्रस्ताब नं ६ माथि छलफल गर्दा चालु आ.व २०७९।०८० को आयोजनाहरुको सम्झौता गर्ने अन्तिम मिति २०७९ चैत्र मसान्त सम्म तोक्ने तथा गाउँपालिका स्तरिय अनुगमन प्रत्येक हप्ताको विहिवार र शुक्रवार गर्ने निर्णय गरियो ।

७. प्रस्ताब नं ७ माथि छलफल गर्दा प्रदेश सुशासन केन्द्र नेपालगंञ्जको सहयोगमा निस्दी गाउँपालिका पाल्पाको राजश्व सुधार कार्ययोजना र क्षमता विकास योजना तर्जुमा सम्वन्धी अभिमुखिकरण कार्यक्रम आज मिति २०७९।१२।०९ गतेका दिन संचालन गर्ने निर्णय गरियो ।

८. प्रस्ताब नं ८ माथि छलफल गर्दा वडा नं ४ को कार्यालय सहयोगीको रिक्त हुन आएको दरवन्दीमा करार सेवामा पदपूर्ति गर्ने निर्णय गरियो । साथै चालू आ.व. को फागून मसान्त सम्म वडा कार्यालयमा रहि सेवा प्रवाह गर्नुभएका वडा नं ४ का कार्यालय सहयोगीलाई नगद रु १०,००० ले सम्मान गर्ने निर्णय गरियो ।

९. प्रस्ताब नं ९ माथि छलफल गर्दा आ.व २०८०।०८१ को लागि लुम्बिनी प्रदेश सरकार संग समपुरक आयोजना तपसिल अनुसारको माग गर्ने निर्णय गरियो ।

| क्र.स. | आयोजनाको नाम र स्थान | माग गरेको रकम रु | कैफियत |
|---|---|---|---|
| १ | केम खाम्चा मार्ग स्तरोन्नती तथा ग्राभेल, (वडा नं १ देखि ७ सम्म) | लुम्विनी प्रदेश सरकारबाट समपूरक अनुदान रु २ करोड | बाँकी रकम गाउँपालिकाबाट |

मिति २०७९।१२।०९ गतेको कार्यपालिका बैठकका निर्णय प्रमाणित ।

२०७९।१२।०९
ध्रुव दयाल
प्रमुख प्रशासकिय अधिकृत

निस्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल
मित्याल, पाल्पा

CamScanner